गौरीगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- ०७६/७७
च.नं.

मिति : २०७६/०८/१७

## बोलपत्र आह्वान सम्बन्धी सुचना
प्रथम पटक प्रकाशित मिति २०७६/०८/१७

यस गौरीगंगा नगर कार्यपालिकाको कार्यालयको आ.व.०७६/०७७ को लागी तपसिल बमोजिमका सडकहरुको कालोपत्रे गर्ने कार्य (बोलपत्र फाराममा उल्लेख भए अनुसार) बोलपत्रको माध्यमवाट गर्नुपर्ने भएको हुदाँ नेपाल सरकारबाट इजाजत-पत्र प्राप्त ईच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्र सम्वन्धी शर्तहरु :**

१. बोलपत्र सम्वन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र गौरीगंगा नगरकार्यपालिकाको कार्यालय चौमालावाट फर्म दर्ता (नविकरण सहित), मु.अ.कर,स्थायी लेखा नं (प्यान) दर्ता र आ.व.०७५/०७६ सम्मको कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी राजस्व दस्तुर वाफत नगद रु ३,०००।- (दस्तुर फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ ।

२.खरिद भएका बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको १२:०० बजे भित्र शिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस नगरकार्यपालिकाको कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २.०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको र सरकारी कार्यालयका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरुको वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३.बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै नगर कार्यपालिकाको कार्यालय खुलेको दिन सोही समयानुसार हुनेछ ।

४.बोलपत्र साथ जमानत वापत तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम एन.आई.सि. एशिया बैंक, अत्तरिया शाखा स्थित यस कार्यालयको नाममा रहेको धरौटी खाता नं.71CA500982524004 मा नगद जम्मा गरेको सक्कलै बैक भौचर वा सो रकम बराबरको यस नगर कार्यपालिकाको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ९० दिन अवधी (Validity) को सक्कलै वैक जमानीपत्र (Unconditional Bid Bond) संलग्न गरी पेश गर्नुपर्नेछ साथै बोलपत्र स्वीकृत भएमा कार्य सम्पादन जमानत वापत स्वीकृत रकमको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ ।

५.म्याद नाघी आएको, रीत नपुगेको,प्रत्येक निर्माण सम्बन्धी कार्यको दर रेट उल्लेख नगरेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

६.बोलपत्र दाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ र अन्त्यमा १३ प्रतिशत मु.अ.कर जोडी कुल जम्मा कवोल अंक कायम गर्नु पर्नेछ । कबोल गरेको दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहिछाप भएको हुनुपर्ने छ ।

७.यस नगर कार्यपालिकाको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहने छ ।

८.एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

९.नगर कार्यकार्यपालिकाको कार्यालयवाट बिक्री भएका बोलपत्र फाराममा उल्लेख भएका स्पेशिफिकेशन लगायतका विवरणहरु अध्ययन गरी सो सगँ सम्वन्धित कागजपत्रहरु अनिवार्य रुपमा संलग्न गरी बोलपत्रको प्रत्येक पानाहरुमा हस्ताक्षर गरी फर्मको छाप समेत लगाई पेश गर्नु पर्नेछ ।

१०.बोलपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने कागजातहरु बोलपत्रसाथ सिलबन्दी खाम भित्रै पेश गर्नु पर्नेछ । ग्राह्यता सम्बन्धि कागजातमा निम्न लिखित कागजातहरुको प्रतिलिपी समावेश गर्नु पर्नेछ ।

क) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र (नविकरण सहित)
ख) मु.अ.कर र स्थायी लेखा दर्ता नम्बर (प्यान) को प्रमाण पत्र
ग) आ.व.०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाण पत्र
घ) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २ (ङ) सगँ सम्वन्धित घोषणा पत्र

११.यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१२..प्रत्येक बोलपत्र नं. को लागि फरक फरक बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ । यस सम्बन्धमा थप जानकारीका लागि फोन नं. ०९१-४१८०६० मा सम्पर्क राखी बुझ्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

| सि नं. | बोलपत्र नं. | कामको विवरण | ल.ई. रकम भ्याट बाहेक (रु.) | बोलपत्र दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | GGM/NCB/01/076/77 | गोप्का र मंगलपुर चोकको दुवै तिर बाटो स्तरोन्नती तथा कालोपत्रे, वडा-१ | ३९,७८,७५३.४१ | रु. ३०००।- | १०७०००।- | |
| २ | GGM/NCB/02/076/77 | आमबगीया शिविर उदासी हुदै जलघुस्रा सडक कालोपत्रे, वडा-२ | ८४,०५,९८१.६३ | रु. ३०००।- | २२६०००।- | |
| ३. | GGM/NCB/03/076/77 | फिलगौडीदेखी केसरसम्म सडक स्तरोन्नती तथा कालोपत्रे, वडा-३ | ३९,७७,३१४.१६ | रु. ३०००।- | १०७०००।- | |
| ४. | GGM/NCB/04/076/77 | फिरोज रसाइलीको घरदेखी दक्षिण बुद्धि भुसालको घरहुदै छबि कडेलको घर सम्म सडक स्तरोन्नती तथा कालोपत्रे, वडा-४ | ३९,७७,४०९.८६ | रु. ३०००।- | १०७०००।- | |
| ५. | GGM/NCB/05/076/77 | बालुवाटार सिसौरा मूल सडक स्तरोन्नती तथा कालोपत्रे, वडा-५ | ३९,८१,२२१.३८ | रु. ३०००।- | १०७०००।- | |
| ६. | GGM/NCB/06/076/77 | वनबेहडा सरौटा सडक स्तरोन्नती तथा कालोपत्रे वडा-६ | ३९,८१,७१७.५८ | रु. ३०००।- | १०७०००।- | |
| ७. | GGM/NCB/07/076/77 | सडक स्तरोन्नती तथा कालोपत्रे, वडा-७ | ३९,७७,४०५.१५ | रु. ३०००।- | १०७०००।- | |
| ८. | GGM/NCB/08/076/77 | गिधनिया चोक देखि जनप्रिय जाने सडक कालोपत्रे वडा-८ | ३९,८०,५६०.८३ | रु. ३०००।- | १०७०००।- | |
| ९. | GGM/NCB/9/076/77 | मंगल वि.क.को घरदेखी रजिया वनखेत सडक कालोपत्रे, वडा-९ | ६६,३४,६२३.२४ | रु. ३०००।- | १७९०००।- | |
| १०. | GGM/NCB/10/076/77 | सरस्वती मा.वि. वडा कार्यालय हुदैबुरमुलि उदासीपुर दक्षिण चोक सडक स्तरोन्नती तथा कालोपत्रे वडा-१० | ३९,८२,१५९.१४ | रु. ३०००।- | १०७०००।- | |
| ११. | GGM/NCB/11/076/77 | पेरेनी देखि डम्मारीपुर मुल सडक कालोपत्रे वडा-११ | ८४,०५,७२५.५२ | रु. ३०००।- | २२६०००।- | |

मन्तराज जोशी
प्रमुख प्रशासकीय अधिकृत